नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख १६ गते ०१ साल

भाग ३

सरकारी सूचना, सि. स. वि. नं. ०००२।०१

नेपाल ४ भञ्ज्याङभित्रका जनताहरूलाई नून, चिनी बिक्री गर्ने पसलेहरूले चिनी लिए मात्र नून दिने भनी चिनीको दरकार नपरेका जनतालाई पनि चिनी लिन कर लगाएको छ र चिनी नलिए नून पनि नदिने गरेको छ भन्ने बुझिएको हुनाले सबै नून चिनीका कन्ट्रोल पसले र सर्वसाधारण जनतालाई थाहा होओस् भन्ना निमित्त यो सूचना प्रकाश गर्ने काम भएको छ, सोबमोजिम आफूलाई चिनीको दरकार नपरेका जनताले नून मात्र लिन आएमा पनि दिने गर्नुहोला। सोबमोजिम नगरी चिनी पनि लिनैपर्छ भनी कर लगाएको ठहरेमा कडा सजाय हुनेछ।

का. मु. डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

302

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको छ मात्र लागु हुनेछ।